सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
धनगढी, कैलाली, नेपाल

# लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी पुनः प्रकाशित

## सार्वजनिक सूचना

सूचना प्रकाशित मितिः २०८०/०१/१५ गते

उपर्युक्त सम्बन्धमा लोककल्याणकारी विज्ञापन प्रकाशन तथा वितरण कार्यविधि, २०७९ अनुरुप आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराउने सचेतनामूलक, जानकारीमूलक तथा सार्वजनिक हित सम्बन्धी लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि यो सूचना पुनः प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले लोककल्याणकारी विज्ञापन प्रकाशन तथा वितरण कार्यविधि, २०७९ को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन सहित देहाय बमोजिमका कागजात संलग्न गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ।

देहायः

(क) प्रचलित कानुनबमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि।

(ख) प्रचलित कानुनबमोजिम लिएको इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाणको प्रतिलिपि।

(ग) अघिल्लो आर्थिक बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(घ) अनलाइनको हकमा सूचना बिभागबाट दर्ता र नविकरणको प्रमाण पत्र, पत्रिकाको हकमा अन्तिम पटक प्रकाशन भएको पत्रिका र रेडियोको हकमा हुलाकबाट नियमित प्रशारण रहेको पत्र।

(ङ) अन्य व्यक्ति पठाएको अवस्थामा सञ्चार माध्यमले सम्झौता गर्न अख्तियारी दिएको कागज ।

२०८०/०१/१५

(दिपेन्द्र सिंह बिष्ट)
शाखा अधिकृत